झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुले फोहोरमैला व्यवस्थापनमा के गरिरहेका छन त ?

# फोहोरमैला सम्बन्धी अनुगमन प्रतिवेदन

## २०८१ माघ

## अनुगमन तथा प्रतिवेदन

## जिल्ला समन्वय समिति, झापा

## बिषयसूची


१. पृष्ठभूमि

२. औचित्य तथा सान्दर्भिकता

३. विधि तथा प्रकृयाहरु

४. सीमाहरु

५. अनुगमन गरिएका स्थानीय तहहरु

६. फोहोरमैला सम्बन्धी कानून निर्माणको अवस्था

७. फोहोरमैला उत्पादनका स्रोतहरु

८. फोहोरमैलाको वर्गीकरणको अवस्था

९. फोहोरमैलाको ढुवानी तथा संकलन अवस्था

१०. फोहोरमैला प्रशोधन तथा विसर्जनको अवस्था

११. फोहोरमैलाको सामाजिक तथा पर्यावरणीय प्रभाव

१२. समस्या तथा चुनौतीहरु

१३. अपेक्षाहरु

१४. असल अभ्यासहरु

१५. सुझाव तथा निष्कर्ष

## १. पृष्ठभूमि

संविधानत: जिल्ला समन्वय समितिले जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्दै विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गर्दै पृष्ठपोषण दिने कार्य जिम्मेवारी रहेको पाइन्छ । तत्कालीन प्रदेश नं १ द्वारा जारी जिल्ला सभा ऐन, २०७५ को दफा ३ ले जिल्ला सभाको थप काम, कर्तव्य र अधिकारहरुलाई विस्तृत रुपमा उल्लेख गरेको छ । विशेषत : स्थानीय तहहरुले कार्यसञ्चालन गर्दा लागत न्यूनिकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न जिल्लासभा मार्फत साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सकिने केही क्षेत्रहरु पर्दछन जस्तो फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन, असल अभ्यास र अनुभवको आदान प्रदान आदी । जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा स्थलगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल कायम भए नभएको सम्बन्धमा अध्ययन अनुषन्धान एवम अनुगमन गरी नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने कार्य जिल्ला सभा अन्तर्गतको जिल्ला समन्वय समितिले गर्नुपर्ने व्यवस्था रहेको छ । संविधानले आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयस्तरको सरसफाई तथा फोहोरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुने स्पष्ट व्यवस्था गरेको छ । यसै सन्दर्भमा जिल्ला समन्वय समिति, झापाले जिल्ला अन्तर्गतका स्थानीय तहहरुले फोहोरमैला व्यवस्थापनमा के गरिरहेका छन भन्ने तथ्य अध्ययन गर्न, अनुगमन गर्न तथा सुझाव प्रदान गर्न प्रश्नावली तयार गरि सबै स्थानीय तहहरुलाई विवरण माग गरी सम्बन्धित स्थानीय तहहरुमा स्थलगत अनुगमन तथा अन्तर्क्रिया मार्फत प्राप्त विवरणका आधारमा समग्र जिल्लाको फोहोरमैला व्यवस्थापन सम्बन्धी वस्तुस्थिति समाविष्ट गरी यो अनुगमन प्रतिवेदन तयार गरिएको छ ।

## २. औचित्य तथा सान्दर्भिकता

जिल्ला समन्वय समिति, झापाले जिल्ला अन्तर्गतका स्थानीय तहहरुमा फोहोरमैला व्यवस्थापन सम्बन्धी अध्ययन, अनुगमन तथा अन्तर्क्रिया सम्पन्न गरी तयार पारिएको यस अनुगमन प्रतिवेदनका औचित्य तथा सान्दर्भिकता देहायनुसार रहेका छन् ।

(क) झापा जिल्लामा बढ्दो सहरीकरण तथा तीव्रतर जनसंख्या वृद्धि हुँदै गईरहेको जिल्ला भएकोले फोहोरमैला व्यवस्थापन एक चुनौतीको रुपमा देखा पर्दै गएको सन्दर्भमा यस्ता अनुगमन कार्यले सरोकारवालाहरुलाई समयमै सचेत गराउन ।

(ख) आधारभूत सरसफाईको सुनिश्चित गर्नु प्रत्येक स्थानीय तहको मुख्य जिम्मेवारी रहेको सन्दर्भमा जिल्लाभित्रका अधिकांश शहरोन्मुख नगरपालिका तथा गाउँपालिकाहरुले फोहोरमैला व्यवस्थापनमा के कस्ता प्रयासहरु गरिरहेका छन भन्ने तथ्यहरु पत्ता लगाउन ।

(ग) जिल्लाभित्रका स्थानीय तहहरुलाई फोहोरमैला व्यवस्थापनमा हामी कहाँ छौ ? अन्य पालिकाहरु कहाँ पुगेर के गर्दैछन भन्ने तुलनात्मक अवस्थाको जानकारी गराउन ।

(घ) जिल्ला भित्रका स्थानीय तहहरुले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानहरुलाई फोहोरमैला व्यवस्थापनको क्षेत्रमा प्रतिफल आउने गरी के कति र कसरी लगानी गरिरहेका छन भन्ने यथार्थ पेश गर्न ।

(ङ) जिल्ला सभा मार्फत संयुक्त साझेदारी वा सम्झौतामा फोहोरमैला व्यवस्थापनका ठूला आयोजनाहरु न्यून लागतमा सीमित श्रोत साधनहरुको अधिकतम उपयोग गर्दै कसरी साझा चुनौतीलाई अवसरमा परिणत गर्न सकिन्छ भन्ने जानकारी लिन ।

(च) नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित सरोकारवालाहरु समक्ष झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरु माझ रहेको फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रयासहरु, समस्याहरु, चुनौतीहरु र अवसरहरुलाई उजागर गर्न ।

## ३. विधि तथा प्रकृयाहरु

झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुले फोहोरमैला व्यवस्थापनमा के गरिरहेका छन भन्ने वस्तुस्थिति बुझ्न जिल्ला समन्वय समिति झापाले सर्वप्रथम प्रश्नावली तयार गरी सम्बन्धित सबै स्थानीय तहहरुलाई पत्राचार गरी विवरण तयारी अवस्थामा राखीदिन आग्रह गरेको थियो । जिल्लाभित्रका स्थानीय तहहरुलाई विवरण माग गर्दा फोहोरमैला व्यवस्थापन सम्बन्धी निम्न पक्षहरु सँग सम्बन्धित प्रश्नहरु समावेश गरिएका थिए ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय नीति तथा कानून तर्जुमा र कार्यान्वयन अवस्था
(ख) स्थानीय तह भित्र फोहोरमैला उत्पादनका श्रोतहरु, प्रकारहरु र औषत मात्रा
(ग) स्थानीय तह भित्र फोहोरमैला वर्गिकरणको अवस्था
(घ) फोहोरमैलाको ढुवानी तथा संकलन कार्यको अवस्था
(ङ) फोहोरमैलाको प्रशोधन र अन्तिम विसर्जन सम्बन्धी अभ्यास र व्यवस्था
(च) स्थानीय तहले भोगेका समस्या र चुनौतीहरु
(छ) स्थानीय तहका विभिन्न निकायसँगको अपेक्षा
(ज) फोहोरमैला विसर्जन गर्दा हुने सामाजिक र पर्यावरणीय क्षेत्रको अवस्था
(झ) स्थानीय तहको फोहोरमैला व्यवस्थापन सम्बन्धी असल अभ्यास, नयाँ सिकाई तथा अनुभवहरु

जिल्ला समन्वय प्रमुखज्यूको संयोजकत्वमा उपप्रमुख लगायत जिल्ला समन्वय समितिका सबै सदस्यहरु संलग्न रही जिल्लास्थित स्थानीय तहहरुमा निर्धारित समयतालिका बमोजिम स्थलगत अनुगमन तथा अन्तरक्रिया सम्पन्न गरी पालिकाहरुबाट प्राप्त विवरणका आधारमा अनुगमन प्रतिवेदन तयार गरिएको छ ।

## ४. सीमाहरु

यस अनुगमन प्रतिवेदनका सीमाहरु देहायनुसार रहेका छन् ।

(क) यस अनुगमन प्रतिवेदनले जिल्लाभित्रका सबै ८ वटा नगरपालिका र २ मात्र गाउँपालिकालाई समावेश गरेको छ ।

(ख) अनुगमन प्रतिवेदनले स्थानीय तहहरुको फोहोरमैला व्यवस्थापन सम्बन्धी अवस्थाको मात्र जानकारी दिन्छ ।

(ग) सम्बन्धित पालिकाहरुबाट प्राप्त आधिकारिक विवरण, स्थलगत अनुगमन तथा अन्तरक्रिया समेतका आधारमा

तयार गरिएको प्रतिवेदन हो ।

(घ) यस अनुगमन प्रतिवेदनले स्थानीय तहहरुले फोहोरमैला व्यवस्थापनका लागि तर्जुमा गरेका स्थानीय नीति तथा कानूनहरु र सोको कार्यान्वयन अवस्थाका बारेमा जानकारी प्रदान गर्दछ ।

(ङ) यस अनुगमन प्रतिवेदनमा स्थानीय तहहरुमा उत्पादन हुने फोहोरमैलाको प्रकृति, स्रोत तथा मात्राको बारेमा प्रारम्भिक जानकारी प्रदान गर्दछ ।

(च) यस प्रतिवेदनमा स्थानीय तहहरुले अपनाएका फोहोरमैला को वर्गीकरण अभ्यास, विसर्जनका तौर तरिका तथा व्यवस्थापनका उपायहरुका बारेमा विस्तृत जानकारी प्रदान गर्दछ ।

(छ) प्रतिवेदनले फोहोरमैला व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहहरुले व्यवस्था गरेको मानवीय तथा भौतिक स्रोत साधनका बारेमा जानकारी प्रदान गर्दछ ।

## ५. अनुगमन गरिएका स्थानीय तहहरु

जिल्ला समन्वय समिति झापाको बोर्ड बैठकको निर्णयानुसार जिल्ला समन्वय समिति झापाले जिल्ला भित्रका देहायका स्थानीय तहहरुमा फोहोरमैला सम्बन्धी स्थलगत अनुगमन, अन्तर्क्रिया तथा प्रश्नावली तयार गरी विवरण माग गरेको थियो । फोहोरमैला सम्बन्धी अनुगमनको विस्तृत विवरण निम्नानुसार रहेको छ ।

तालिका – १: अनुगमन गरिएका स्थानीय तहहरु

| क्र स | अनुगमन मिति | अनुगमन क्षेत्र | अनुगमनमा संलग्न पदाधिकारीहरु |
|---|---|---|---|
| १ | मिति २०८१ पुष २३ | मेचीनगर नगरपालिका<br>बुद्धशान्ति गाउँपालिका | जिसस प्रमुख श्री बिश्वनाथ बराल, उपप्रमुख श्री शान्ता रोक्का क्षेत्री, जिल्ला समन्वय समिति सदस्यहरु क्रमश: कपिलमणि काफ्ले, सन्तोष सोरेन, जलाल अलि, तुलसा काफ्ले बराल, रिता नेपाली, जुनु महरा, देविका बसेल र स्वकीय सचिव मनिषा थापा |
| २ | मिति २०८१ पुष २४ | बिर्तामोड नगरपालिका<br>कनकाई नगरपालिका<br>अर्जुनधारा नगरपालिका<br>भद्रपुर नगरपालिका | जिसस प्रमुख श्री बिश्वनाथ बराल, उपप्रमुख श्री शान्ता रोक्का क्षेत्री, जिल्ला समन्वय समिति सदस्यहरु क्रमश: कपिलमणि काफ्ले, सन्तोष सोरेन, जलाल अलि, तुलसा काफ्ले बराल, रिता नेपाली, जुनु महरा, देविका बसेल र स्वकीय सचिव मनिषा थापा |

| | | | |
|---|---|---|---|
| ३ | मिति २०८१ पुष २५ | गौरादह नगरपालिका<br>दमक नगरपालिका<br>कमल गाउँपालिका<br>शिवसताक्षी नगरपालिका | जिसस प्रमुख श्री बिश्वनाथ बराल, उपप्रमुख श्री शान्ता रोक्का क्षेत्री, जिल्ला समन्वय समिति सदस्यहरु क्रमश: कपिलमणि काफ्ले, सन्तोष सोरेन, जलाल अलि, तुलसा काफ्ले बराल, रिता नेपाली, जुनु महरा, देविका बसेल र स्वकीय सचिव मनिषा थापा |

## ६. फोहोरमैला सम्बन्धी कानून निर्माणको अवस्था

आधारभूत सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाहरुको तर्जुमा, कार्यान्वयन तथा नियमनको संवैधानिक तथा कानुनी अधिकार प्राप्त स्थानीय तहहरुले झापा जिल्लामा फोहोरमैला व्यवस्थापनका लागि के गरिरहेका छन् भन्ने सन्दर्भमा जिल्ला समन्वय समिति झापाले प्रश्नावली निर्माण गरी विवरण माग गरेको थियो। प्रश्नावलीमा फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित कानून (फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन, २०६८ तथा नियमावली २०७०) का अलावा स्थानीय तहहरुले थप छुट्टै कानून तर्जुमा या कार्यान्वयन गरेका छन् कि छैनन भन्ने प्रश्न राखिएको थियो। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहहरुबाट प्राप्त विवरणका आधारमा झापा जिल्लामा फोहोरमैला व्यवस्थापन सम्बन्धी कानून निर्माण तथा कार्यान्वयनको अवस्था निम्नानुसार रहेको देखिन्छ।

### तालिका – २ : कानून निर्माणको अवस्था

| क्र स | स्थानीय तह | फोहोरमैला सम्बन्धी कानूनहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | मापदण्ड |
| १ | मेचीनगर नगरपालिका | छैन | | | | |
| २ | भद्रपुर नगरपालिका | छैन | | | | |
| ३ | अर्जुनधारा नगरपालिका | प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७७ | | | | |
| ४ | बिर्तामोड नगरपालिका | बिर्तामोड नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०८० | | | | |
| ५ | कनकाई नगरपालिका | फोहोरमैला व्यवस्थापन ऐन<br>वातावरण संरक्षण ऐन<br>वातावरणमैत्री वडा/नगर घोषणा कार्यविधि | | | | |
| ६ | शिवसताक्षी नगरपालिका | सरसफाई तथा फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०८० | | | | |
| ७ | गौरादह नगरपालिका | गौरादह नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७९ | | | | |
| ८ | दमक नगरपालिका | दमक वातावरण तथा प्राकृतिक संरक्षण ऐन, २०७६ | | | | |
| ९ | बुद्धशान्ति गाउँपालिका | फोहोरमैला व्यवस्थापन ऐन, २०७८ | | | | |
| १० | कमल गाउँपालिका | छैन | | | | |

प्रश्नावली तयार गर्दा जिल्ला समन्वय समिति झापाले सम्बन्धित स्थानीय तहहरुमा फोहोरमैला व्यवस्थापन सम्बन्धी फोकल पर्शनको नाम, थर र सम्पर्क नंबर समेत माग गरिएको थियो। यस कार्यालयलाई प्राप्त विवरणका आधारमा सम्बन्धित पालिकाहरुको फोहोरमैला व्यवस्थापन सम्बन्धी Focal Person हरुको विवरण देहायनुसार रहेको छ।

**तालिका – ३: फोहोरमैला व्यवस्थापन सम्बन्धी फोकल पर्शनहरुको नामावली सूची**

| क्र स | स्थानीय तह | फोकल पर्शन नाम, थर | सम्पर्क नंबरहरु |
|---|---|---|---|
| १ | मेचीनगर नगरपालिका | गौरव भट्टराई | ९७४६९७८९६० |
| २ | भद्रपुर नगरपालिका | नेत्र प्रसाद पोखरेल | ९८५२६७७८०१ |
| ३ | अर्जुनधारा नगरपालिका | माधव भण्डारी | ९८५२६६४४३५ |
| ४ | बिर्तामोड नगरपालिका | प्राप्त नभएको | प्राप्त नभएको |
| ५ | कनकाई नगरपालिका | उमानाथ ढकाल | ९८५२६७९३०२ |
| ६ | शिवसताक्षी नगरपालिका | प्राप्त नभएको | प्राप्त नभएको |
| ७ | गौरादह नगरपालिका | प्रज्वल अधिकारी | ९८०८६६७२१५ |
| ८ | दमक नगरपालिका | भुवन बराल | ९८४१९७८१२९ |
| ९ | बुद्धशान्ति गाउँपालिका | शिव श्रेष्ठ | ९८४२७७८२८३ |
| १० | कमल गाउँपालिका | प्राप्त नभएको | प्राप्त नभएको |

## ७. फोहोरमैला उत्पादनका स्रोतहरु

जिल्ला समन्वय समिति झापाले प्रश्नावली तयार गर्दा सम्बन्धित स्थानीय तहहरुमा उत्पादित फोहोरमैलाको प्रकार तथा श्रोतहरु र औषत फोहोरको अनुमानित मात्राको विवरण माग गरिएकोमा यस कार्यालयलाई प्राप्त विवरण अनुसार सम्बन्धित स्थानीय तहहरुमा फोहोरमैला उत्पादनका श्रोतहरु निम्नानुसार रहेको देखिन्छ।

**तालिका – ४ (क) : घरायसी फोहोरमैला**

| क्र स | स्थानीय तह | घरायसी फोहोरमैला | | |
|---|---|---|---|---|
| | | अनुमानित घर संख्या | औषत फोहोरको मात्रा | मुख्य फोहोरजन्य सामाग्रीहरु |
| १ | मेचीनगर नगरपालिका | ३२६९५ | ०.४८ कि. ग्रा प्रतिघर प्रतिदिन | जैविक, कागजन्य वस्तु, फलाम, प्लाष्टिक, सिसा, टेक्सटाइल |
| २ | भद्रपुर नगरपालिका | १९००० | ५ टन | कुहिने, नकुहिने, संक्रमित, धातुजन्य, ई वेस्ट |
| ३ | अर्जुनधारा नगरपालिका | २५०० | १००० टन वार्षिक | प्लाष्टिक झोला, सागसब्जी, टुटेफुटेका सामाग्री, सिसाजन्य |

| | | | | |
|---|---|---|---|---|
| ४ | बिर्तामोड नगरपालिका | ४२००० | १०००० के जी प्रतिदिन | प्लाष्टिक, थोत्रा कपडा, कपडाजन्य, सिसाजन्य, जैविक |
| ५ | कनकाई नगरपालिका | १३१६९ | २.५ केजी प्रति घर दैनिक | जैविक सडेगलेका |
| ६ | शिवसताक्षी नगरपालिका | १८२५३ | दैनिक २००० केजी | कागज, प्लाष्टिक, खाद्यान्यजन्य, टुटेफुटे सामाग्री |
| ७ | गौरादह नगरपालिका | ८५६ | दैनिक २.५ टन | प्लाष्टिक, कागजजन्य, धातुजन्य, कपडाजन्य, सिसाजन्य |
| ८ | दमक नगरपालिका | प्राप्त नभएको | २० टन | जैविक, धातुजन्य, नकुहिने |
| ९ | बुद्धशान्ति गाउँपालिका | १३५०० | १६ ट्र्याक्टर प्रति महिना | प्लाष्टिक, सीसा, बोतल |
| १० | कमल गाउँपालिका | प्राप्त नभएको | ६० ट्र्याक्टर मासिक | प्लाष्टिक, कागज र कपडा |

### तालिका – ४ (ख) : औद्योगिक फोहोरमैला

| क्र स | स्थानीय तह | औद्योगिक फोहोरमैला | | |
|---|---|---|---|---|
| | | उद्योग कल कारखाना संख्या | उद्योगहरुबाट उत्पादित फोहोरको औषत मात्रा | उद्योगबाट उत्पादन हुने फोहोरलाई उद्यमी स्वयमले प्रशोधन गर्ने व्यवस्था |
| १ | मेचीनगर नगरपालिका | ११० | ४.७९ कि ग्रा प्रतिदिन | आंशिक रुपमा व्यवस्था छ |
| २ | भद्रपुर नगरपालिका | १५ | २ टन प्रतिदिन | नभएको |
| ३ | अर्जुनधारा नगरपालिका | विवरण प्राप्त नभएको | | |
| ४ | बिर्तामोड नगरपालिका | ३०० | २०० केजी दैनिक | विवरण प्राप्त नभएको |
| ५ | कनकाई नगरपालिका | २५ | १.५ टन दैनिक | आंशिक रुपमा |
| ६ | शिवसताक्षी नगरपालिका | विवरण प्राप्त नभएको | | |
| ७ | गौरादह नगरपालिका | ३ | ३५० केजी | छैन |
| ८ | दमक नगरपालिका | विवरण प्राप्त नभएको | | |
| ९ | बुद्धशान्ति गाउँपालिका | विवरण प्राप्त नभएको | | |
| १० | कमल गाउँपालिका | ३ | विवरण प्राप्त छैन | |

### तालिका ४ (ग) : चिकित्साजन्य फोहोरमैला

| क्र स | स्थानीय तह | चिकित्साजन्य फोहोरमैला | | |
|---|---|---|---|---|
| | | स्वास्थ्य संस्था संख्या | फोहोरको औषत मात्रा | संस्था स्वयमले प्रशोधन गर्ने व्यवस्था |
| १ | मेचीनगर नगरपालिका | २८ | २-४ कि ग्रा प्रतिदिन | आंशिक छ |
| २ | भद्रपुर नगरपालिका | १५ | १ टन | नभएको |
| ३ | अर्जुनधारा नगरपालिका | १० | मासिक १ ट्रयाक्टर | नभएको |
| ४ | बिर्तामोड नगरपालिका | २४ | १२० के जी | आंशिक छ |
| ५ | कनकाई नगरपालिका | १० | विवरण छैन | छैन |
| ६ | शिवसताक्षी नगरपालिका | २८ | १९० के जी दैनिक | छ |
| ७ | गौरादह नगरपालिका | ११ | ९० के जी | छैन |
| ८ | दमक नगरपालिका | २१ | विवरण छैन | विवरण छैन |
| ९ | बुद्धशान्ति गाउँपालिका | ८ | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको |
| १० | कमल गाउँपालिका | ८ | विवरण प्राप्त नभएको | डिष्पोज गर्ने गरेको |

## ८. फोहोरमैला वर्गीकरणको अवस्था

स्थानीय तहहरुमा उत्पादित फोहोरमैलाको वर्गिकरण अभ्यासका सम्बन्धमा जिल्ला समन्वय समितिले प्रश्नावली समावेश गरी विवरण माग गर्दा सम्बन्धित स्थानीय तहहरुले पेश गरेको विवरणका आधारमा झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुमा फोहोरमैलाको वर्गीकरणको अवस्था देहायनुसार पाइयो ।

तालिका ५ : स्थानीय तहहरुमा फोहोरमैला वर्गीकरणको स्थिति

| क्र स | स्थानीय तह | फोहोरको प्रकृति | वर्गीकरण |
|---|---|---|---|
| १ | मेचीनगर नगरपालिका | जैविक | छ |
| | | अजैविक | छ |
| | | अन्य | छैन |
| २ | भद्रपुर नगरपालिका | जैविक | छैन |
| | | अजैविक | छैन |
| | | अन्य | छैन |
| ३ | अर्जुनधारा नगरपालिका | जैविक | विवरण नखुलाईएको |
| | | अजैविक | विवरण नखुलाईएको |
| | | अन्य | विवरण नखुलाईएको |
| ४ | बिर्तामोड नगरपालिका | जैविक | विवरण नखुलाईएको |

| | | | |
|---|---|---|---|
| | | अजैविक | विवरण नखुलाईएको |
| | | अन्य | विवरण नखुलाईएको |
| ५ | कनकाई नगरपालिका | जैविक | छ |
| | | अजैविक | छ |
| | | अन्य | छ |
| ६ | शिवसताक्षी नगरपालिका | जैविक | छैन |
| | | अजैविक | छ |
| | | अन्य | छैन |
| ७ | गौरादह नगरपालिका | जैविक | छैन |
| | | अजैविक | छैन |
| | | अन्य | छ |
| ८ | दमक नगरपालिका | जैविक | सामान्य छ |
| | | अजैविक | सामान्य छ |
| | | अन्य | सामान्य छ |
| ९ | बुद्धशान्ति गाउँपालिका | जैविक | छ |
| | | अजैविक | छ |
| | | अन्य | छैन |
| १० | कमल गाउँपालिका | जैविक | छैन |
| | | अजैविक | छैन |
| | | अन्य | छैन |

## ९. फोहोरमैलाको ढुवानी तथा संकलन

स्थानीय तहमा उत्पादित फोहोरमैलाको ढुवानी तथा संकलन गर्ने कार्यमा सम्बन्धित स्थानीय तहहरुबाट प्राप्त विवरणका आधारमा झापा जिल्लाका स्थानीय तहहरुको अभ्यास निम्नानुसार रहेको पाइयो ।

तालिका ६ : फोहोरमैला ढुवानी तथा संकलन कार्यको अभ्यास

| स्थानीय तह | फोहोरमैला ढुवानी तथा संकलन अभ्यास | | | |
|---|---|---|---|---|
| | समय तालिका | जनशक्ति | संकलन साधन | संकलन केन्द्र |
| मेचीनगर नगरपालिका | बिहान ६ बजेदेखि २ बजेसम्म | कुचिकार : १७ ड्राइभर/सहचालक/ संकलनकर्ता : ५ | ट्रयाक्टर | छैन |
| भद्रपुर नगरपालिका | | कुचिकार: ४० | ट्रयाक्टर | छैन |

| | | | | |
|---|---|---|---|---|
| | | ड्राइभर/संकलनकर्ता : ९/अन्य ६ | | |
| अर्जुनधारा नगरपालिका | बिहान ७ बजेदेखि २ बजेसम्म | कुचिकार:७<br>ड्राइभर/संकलक: ५<br>व्यवस्थापक: १ | ट्रिपर १/ट्र्याक्टर २ | छैन |
| बिर्तामोड नगरपालिका | | कुचिकार: ४०<br>ड्राइभर/संकलक: ६<br>अन्य: २ | ट्र्याक्टर | छैन |
| कनकाई नगरपालिका | समयतालिका भएको | कुचिकार: २<br>ड्राइभर/सहचालक/ संकलक: ४ | ट्र्याक्टर र स्काभेटर | प्राथमिक: २<br>द्वितिय: २<br>तृतीय: छैन |
| शिवसताक्षी नगरपालिका | | कुचिकार: ७<br>ड्राइभर/संकलक: ५<br>अन्य: सेवा प्रदायकहरु | ट्र्याक्टर: २ | प्राथमिक: १<br>द्वितिय : १<br>तृतिय : छैन |
| गौरादह नगरपालिका | | कुचिकार: ७ | टिपर | छैन |
| दमक नगरपालिका | बिहान ५.३० बजेदेखि बेलुका ४ बजेसम्म | कुचिकार: १६<br>ड्राइभर/सहचालक/ संकलक: ३४ | ट्र्याक्टर र रिक्सा भ्यान | छैन |
| बुद्धशान्ति गाउँपालिका | | कुचिकार: ४<br>ड्राइभर/संकलक : २ | | इन्सिनेटर सहितको संकलन केन्द्र १ |
| कमल गाउँपालिका | | कुचिकार: १<br>ड्राइभर/संकलक: ३ | ट्र्याक्टर | छैन |

## १०. फोहोरमैलाको प्रशोधन तथा विसर्जन

सम्बन्धित स्थानीय तहहरुबाट प्राप्त विवरणका आधारमा झापा जिल्लाका स्थानीय तहहरुमा फोहोरमैलाको प्रशोधन तथा विसर्जनको अवस्था देहायनुसार रहेको पाइयो।

तालिका ७ (क) : प्राङ्गारिक मल बनाउने व्यवस्था

| क्र स | स्थानीय तह | प्राङ्गारिक मल बनाउने व्यवस्था | प्राङ्गारिक मल बनाउने केन्द्रको संख्या |
|---|---|---|---|
| १ | मेचीनगर नगरपालिका | छैन | छैन |
| २ | भद्रपुर नगरपालिका | छैन | छैन |

| | | | |
|---|---|---|---|
| ३ | अर्जुनधारा नगरपालिका | छैन | छैन |
| ४ | बिर्तामोड नगरपालिका | छैन | छैन |
| ५ | कनकाई नगरपालिका | छ | कृषक समूह मार्फत १७ केन्द्र |
| ६ | शिवसताक्षी नगरपालिका | छैन | छैन |
| ७ | गौरादह नगरपालिका | शुरुवात गर्दै | १ |
| ८ | दमक नगरपालिका | छैन | छैन |
| ९ | बुद्धशान्ति गाउँपालिका | छैन | छैन |
| १० | कमल गाउँपालिका | छैन | छैन |

तालिका ७ (ख) : 4R (Reduce, Reuse, Recycle, Rebuy) को अभ्यास

| क्र स | स्थानीय तह | 4R को अभ्यास/तालिम व्यवस्था | फोहोरको प्रकृति/स्रोत |
|---|---|---|---|
| १ | मेचीनगर नगरपालिका | छ | घरायसी, व्यवसायिक र स्वास्थ्य क्षेत्रबाट उत्पादित फोहोरहरु / ४ वटा स्थानमा हुने गरेको छ। |
| २ | भद्रपुर नगरपालिका | छैन | छैन |
| ३ | अर्जुनधारा नगरपालिका | छैन | छैन |
| ४ | बिर्तामोड नगरपालिका | छैन | छैन |
| ५ | कनकाई नगरपालिका | छैन | छैन |
| ६ | शिवसताक्षी नगरपालिका | छैन | छैन |
| ७ | गौरादह नगरपालिका | तालिम प्रदान गरिएको/शुरुवात हुँदै | घरायसी फोहोरहरुलाई स्रोतमै वर्गीकरण गरी मल बनाउने प्रयास |
| ८ | दमक नगरपालिका | छैन | छैन |
| ९ | बुद्धशान्ति गाउँपालिका | छैन | छैन |
| १० | कमल गाउँपालिका | छैन | छैन |

तालिका ७ (ग) : फोहोरमैला विसर्जनका अभ्यासहरु

| क्र स | स्थानीय तह | फोहोरमैला विसर्जनका उपायहरु | | |
|---|---|---|---|---|
| | | भस्मीकरण व्यवस्था | ल्याण्डफिलको व्यवस्था | अन्य व्यवस्था |
| १ | मेचीनगर नगरपालिका | छैन | खुल्ला | |
| २ | भद्रपुर नगरपालिका | छैन | खुल्ला अस्थाई प्रकृतिको | |
| ३ | अर्जुनधारा नगरपालिका | छैन | खुल्ला १ स्थान | |
| ४ | बिर्तामोड नगरपालिका | छैन | खुल्ला | |

| | | | | |
|---|---|---|---|---|
| ५ | कनकाई नगरपालिका | ५ स्थानमा छ | सेनेटरी ल्याण्डफिल विद्यालयहरुमा व्यवस्था गरिएको। | ल्याण्डफिल खुला नभएको। |
| ६ | शिवसताक्षी नगरपालिका | भएको – १ स्थानमा | खुल्ला १<br>सेनेटरी ल्याण्डफिल १ | ३ बिघा ६ कठ्ठा जमिनमा भएको |
| ७ | गौरादह नगरपालिका | छैन | खुल्ला ठाउँमा तारको जालिको घेरा लगाई व्यवस्थापन गरिएको | |
| ८ | दमक नगरपालिका | छैन | खुल्ला | |
| ९ | बुद्धशान्ति गाउँपालिका | इन्सिनेटर सहितको फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण हुँदै | सेनेटरी ल्याण्डफिल | |
| १० | कमल गाउँपालिका | विवरण नखुलाईएको | विवरण नखुलाईएको | |

## ११. फोहोरमैलाको विसर्जन गर्दा हुने सामाजिक तथा पर्यावरणीय क्षेत्रको अवस्था

स्थानीय तहहरुमा फोहोरमैला विसर्जन गर्दा हुन सक्ने सम्भावित सामाजिक तथा पर्यावरणीय क्षेत्रको अवस्था बुझ्न जिल्ला समन्वय समितिले माग गरेको निम्नानुसारका प्रश्नावलीहरुका सम्बन्धमा प्राप्त विवरण देहायनुसार प्रस्तुत छ।

तालिका ८ (क) : अनुगमन समयतालिका र क्षेत्रहरु

| क्र स | स्थानीय तह | अनुगमन समयतालिका | अनुगमनका क्षेत्रहरु |
|---|---|---|---|
| १ | मेचीनगर नगरपालिका | साप्ताहिक रुपमा गरिन्छ | आवश्यकतानुसार आकष्मिक अनुगमन गरिन्छ |
| २ | भद्रपुर नगरपालिका | समय समयमा हुने गरेको | |
| ३ | अर्जुनधारा नगरपालिका | विवरण नखुलाईएको | |
| ४ | बिर्तामोड नगरपालिका | विवरण नखुलाईएको | |
| ५ | कनकाई नगरपालिका | निर्धारित छ तर नियमित हुन नसकेको | |
| ६ | शिवसताक्षी नगरपालिका | विवरण नखुलाईएको | |
| ७ | गौरादह नगरपालिका | महिनामा १ पटक | बजार, वस्ती र ल्याण्डफिल |
| ८ | दमक नगरपालिका | विवरण नखुलाईएको | |
| ९ | बुद्धशान्ति गाउँपालिका | छैन | |
| १० | कमल गाउँपालिका | विवरण नखुलाईएको | |

तालिका ८ (ख): फोहोरमैला नियमनको अवस्था

| क्र स | स्थानीय तह | फोहोरमैला नियमनको अवस्थाहरु | | |
|---|---|---|---|---|
| | | नियमित शुल्क | दण्ड/सजाय व्यवस्था | अन्य |
| १ | मेचीनगर नगरपालिका | २० प्रकारको शुल्क | प्रचलित कानून बमोजिम लिने गरेको | स्थानीय कानुन तर्जुमा गरिएको |
| २ | भद्रपुर नगरपालिका | नलिएको | नभएको | नभएको |
| ३ | अर्जुनधारा नगरपालिका | व्यवसायिक प्रतिष्ठानहरुलाई वार्षिक रु ६०० देखि ६००० सम्म सरसफाई शुल्क लिने गरेको | नभएको | नभएको |
| ४ | बिर्तामोड नगरपालिका | लिने गरेको | छ | जनचेतनामूलक कार्यक्रमहरु |
| ५ | कनकाई नगरपालिका | निर्धारित भएको | भएको | नीतिगत व्यवस्था छ |
| ६ | शिवसताक्षी नगरपालिका | नगरसभाबाट शुल्क निर्धारण गरी संकलन भईरहेको | नभएको | नभएको |
| ७ | गौरादह नगरपालिका | सरसफाई सेवा शुल्क ठेकेदार संस्थाले उठाउने व्यवस्था | भएको | डस्टविन वितरण/ढल मर्मत तथा सरसफाई, तालिम |
| ८ | दमक नगरपालिका | विवरण नखुलाईएको | विवरण नखुलाईएको | नखुलाईएको |
| ९ | बुद्धशान्ति गाउँपालिका | छैन | छैन | सचेतनामूलक कार्यक्रमहरु |
| १० | कमल गाउँपालिका | रु २५ | छैन | कानुनी व्यवस्था |

## १२. समस्या तथा चुनौतीहरु

स्थानीय तहहरुले फोहोरमैला व्यवस्थापनका सन्दर्भमा भोगीरहेका समस्या तथा चुनौतीहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

## फोहोरमैला व्यवस्थापनमा स्थानीय तहहरुले सामना गरिरहेका समस्या तथा चुनौतीहरु

| क्र स | स्थानीय तह | समस्या तथा चुनौतीहरु |
|---|---|---|
| १ | मेचीनगर नगरपालिका | ● तालिम पर्याप्त नभएको<br>● उपयुक्त जग्गा प्राप्त नभएको<br>● संस्थाको कार्यक्षमता समयसापेक्ष बृद्धि गर्नुपर्ने<br>● नयाँ कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने |
| २ | भद्रपुर नगरपालिका | ○ तालिम शिक्षाको अभाव<br>○ संस्थाको कार्यक्षमता वृद्धि गर्नुपर्ने<br>○ नीति तथा कानून कार्यान्वयनमा सहजीकरण |
| ३ | अर्जुनधारा नगरपालिका | ● फोहोरमैलाको वर्गीकरण, संकलन तथा विसर्जन गर्ने सम्बन्धमा उत्पादक तथा संकलकहरुलाई पर्याप्त चेतना तालिमको अभाव रहेको<br>● हालको ल्याण्डफिल साइट भाडाको जग्गामा रहेको । दीगो विसर्जनका लागि जग्गाको अभाव रहेको<br>● फोहोरमैला तथा वातावरण सम्बन्धी विशेषज्ञ जनशक्तिको अभाव<br>● उपयुक्त जनशक्ति तथा संरचनागत व्यवस्था नहुँदा कानुन कार्यान्वयनमा समस्या रहेको |
| ४ | बिर्तामोड नगरपालिका | ○ डम्पिङ साइटको व्यवस्था गर्नै नसकिएको |
| ५ | कनकाई नगरपालिका | ○ यथेष्ट मानवीय र भौतिक स्रोत साधनको कमि<br>○ जग्गाको समस्या<br>○ अपर्याप्त तालिम तथा सचेतना<br>○ समन्वय, अभिमुखीकरण, जनचेतना<br>○ कानुन कार्यान्वयनमा कठिनाई |
| ६ | शिवसताक्षी नगरपालिका | ● तालिम शिक्षाको अभाव |
| ७ | गौरादह नगरपालिका | ○ जग्गा प्राप्तिको समस्या |
| ८ | दमक नगरपालिका | ● जग्गाको समस्या छ |
| ९ | बुद्धशान्ति गाउँपालिका | ● तालिम शिक्षाको अभाव |
| १० | कमल गाउँपालिका | ○ तालिम शिक्षाको अभाव<br>○ जग्गाको समस्या |

## १३. अपेक्षाहरु

जिल्ला समन्वय समिति झापाले स्थानीय तहहरुबाट विवरण माग गर्दा स्थानीय तहहरुले सम्बन्धित निकायहरुबाट के-कस्ता अपेक्षाहरु राखेका छन भन्ने प्रश्नहरु समेत समावेश गरेको थियो। यस कार्यालयलाई प्राप्त विवरण अनुसार स्थानीय तहहरुको अपेक्षाहरुलाई जस्ताको त्यस्तै तल प्रस्तुत गरिएको छ।

फोहोरमैला व्यवस्थापनका विषयमा स्थानीय तहहरुले सरोकारवाला निकायहरुसँग गरेका अपेक्षाहरु

| क्र स | स्थानीय तह | अपेक्षाहरु |
|---|---|---|
| १ | मेचीनगर नगरपालिका | ○ ऐन/नियमावली तर्जुमा लागि नमूना कानूनको अपेक्षा<br>○ संघीय/प्रदेश सरकारसँग आर्थिक/प्राविधिक सहयोगको अपेक्षा<br>○ संयुक्त समिति गठन गरि परिचालन<br>○ नियमित अनुगमनको अपेक्षा<br>○ दिशाजन्य लेदो व्यवस्थापन सम्बन्धी अध्ययन अवसर तथा तालिम |
| २ | भद्रपुर नगरपालिका | • नीति कानून तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण आवश्यक<br>• सम्बन्धित निकायहरुबाट आर्थिक/प्राविधिक सहयोगको अपेक्षा<br>• निकायगत समन्वयको अपेक्षा |
| ३ | अर्जुनधारा नगरपालिका | ○ अन्तरपालिका समन्वय सम्बन्धी स्पष्ट नीति निर्माण हुनुपर्ने<br>○ ल्याण्डफिल साइट निर्माणका लागि प्राविधिक सहयोगको अपेक्षा |
| ४ | बिर्तामोड नगरपालिका | स्पष्ट विवरण प्राप्त नभएको |
| ५ | कनकाई नगरपालिका | • नीति कार्यविधि सम्बन्धी अभिमुखीकरण<br>• आर्थिक तथा प्राविधिक सहयोगको अपेक्षा<br>• निकायगत समन्वय अति आवश्यक रहेको<br>• अनुगमन तथा सुझाव आवश्यक देखिएको |
| ६ | शिवसताक्षी नगरपालिका | ○ आर्थिक/प्राविधिक सहयोगको अपेक्षा<br>○ निकायगत समन्वयको अपेक्षा<br>○ निरन्तर अनुगमन तथा सल्लाह को अपेक्षा |
| ७ | गौरादह नगरपालिका | अपेक्षाहरु स्पष्ट खुलाईएको पाइएन |
| ८ | दमक नगरपालिका | अपेक्षाहरु स्पष्ट खुलाईएको पाइएन |
| ९ | बुद्धशान्ति गाउँपालिका | • बजेटको आवश्यकता/अपेक्षा<br>• अनुगमन तथा सल्लाह सुझावको अपेक्षा गरिएको |
| १० | कमल गाउँपालिका | ○ परामर्श तथा तालिमको अपेक्षा |

| | | |
|---|---|---|
| | | ○ दक्ष जनशक्ति तथा व्यवस्थापन सम्बन्धी तालिम<br>○ फोहोर व्यवस्थापन सम्बन्धी समन्वय को अपेक्षा<br>○ निरन्तर अनुगमन तथा सुझावको अपेक्षा |

## १४. असल अभ्यासहरु

जिल्ला समन्वय समिति झापाले जिल्ला अन्तर्गतका स्थानीय तहहरुमा फोहोरमैला व्यवस्थापन सम्बन्धी भईरहेका असल अभ्यासहरु, नयाँ सिकाईहरु तथा अनुभवहरु समेत माग गरेको थियो । सम्बन्धित स्थानीय तहहरुबाट यस कार्यालयलाई प्राप्त विवरण जस्ताको त्यस्तै तल प्रस्तुत गरिएको छ ।

फोहोरमैला व्यवस्थापनका असल अभ्यासहरु, नयाँ सिकाईहरु तथा अनुभवहरु

| क्र स | स्थानीय तह | असल अभ्यास, नयाँ सिकाई तथा अनुभव |
|---|---|---|
| १ | मेचीनगर नगरपालिका | फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम गोष्ठीको बजेट विनियोजन भएको |
| २ | भद्रपुर नगरपालिका | नगरबाट उत्पादन हुने फोहोरको लेखाजोखा गरी प्रतिवेदन तयार पारिएको र उक्त प्रतिवेदन अनुसार कार्य प्रारम्भ गर्ने लक्ष्य लिएको । |
| ३ | अर्जुनधारा नगरपालिका | यो विवरण प्राप्त नभएको |
| ४ | बिर्तामोड नगरपालिका | यो विवरण प्राप्त नभएको |
| ५ | कनकाई नगरपालिका | प्लाष्टिकबाट पेट्रोल बनाउने परीक्षण गरिएको<br>प्लाष्टिकबाट पेवर्स बनाउने परीक्षण सुरु<br>जैविक वस्तु प्रयोग गरी बायोग्याँस प्लाण्ट स्थापना र उत्पादन थालनी<br>जैविक र भान्साबाट निस्कने फोहोरलाई कम्पोष्टमल बनाउन उत्प्रेरित गरेको<br>प्राङ्गारिक मललाई प्रोत्साहन गर्दै अर्गानिक उत्पादनमा जोड |
| ६ | शिवसताक्षी नगरपालिका | यो विवरण प्राप्त नभएको |
| ७ | गौरादह नगरपालिका | यो विवरण प्राप्त नभएको |
| ८ | दमक नगरपालिका | यो विवरण प्राप्त नभएको |
| ९ | बुद्धशान्ति गाउँपालिका | यो विवरण प्राप्त नभएको |
| १० | कमल गाउँपालिका | यो विवरण प्राप्त नभएको |

## १५. सुझाव तथा निष्कर्ष

संविधानत: जिल्ला समन्वय समितिले जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्दै विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गर्दै पृष्ठपोषण दिने कार्य जिम्मेवारी रहेको देखिन्छ। जिल्ला सभा ऐन, २०७५ को दफा ३ ले जिल्ला सभाको थप काम, कर्तव्य र अधिकारहरुलाई स्पष्ट गर्दै जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा स्थलगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल कायम भए नभएको सम्बन्धमा अध्ययन अनुषन्धान एवम अनुगमन गरी नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने कार्य जिल्ला सभा अन्तर्गतको जिल्ला समन्वय समितिले गर्नुपर्ने व्यवस्था रहेको छ । यसै सन्दर्भमा जिल्ला समन्वय समिति झापाको निर्णयानुसार जिल्लाभित्रका स्थानीय तहहरुले फोहोरमैला व्यवस्थापनका क्षेत्रमा गरिरहेका गतिविधि तथा अवस्थाका बारेमा स्थलगत अनुगमन, अन्तर्क्रिया, दोहोरो छलफल पश्चात प्राप्त तथ्यलाई हेरी जिल्ला समन्वय समिति झापा देहायनुसारका सुझावहरु प्रस्तुत गर्दछ।

### सुझावहरु

(क) नेपालको संविधानले आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयस्तरको सरसफाई तथा फोहोरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुने स्पष्ट व्यवस्था गरेको छ।

(ख) जनसङ्ख्या तथा शहरीकरणमा भएको वृद्धि बढ्दो औद्योगिकीकरण, उपभोग प्रवृत्तिमा आएको परिवर्तनसँगै फोहोरमैलाको प्रकृति र परिमाणमा बढोत्तरी हुँदै गएको छ। फोहोरमैलाको सङ्कलन, ढुवानी तथा बिसर्जनमा आधुनिक प्रविधिको अनुसरण र वैज्ञानिक व्यवस्थापन हुन नसक्दा स्रोतको रुपमा पुन: उपयोग हुनसक्ने वस्तु ठूलो बोझको विषय बन्न गएको छ। फोहोरमैला व्यवस्थापन विशेष गरी शहरी क्षेत्र र ग्रामीण बजार केन्द्रहरुमा चुनौतीपूर्ण बन्न पुगेको छ।

(ग) जिल्लास्थित अधिकांश नगरपालिकाहरुमा दिनानुदिन बसाइ सरी आउनेहरुको संख्या बढीरहेको, उद्योग कल कारखानाहरुको संख्या बढ्दै गइरहेको र शहरीकरणमा वृद्धि भईरहेकोले यस्ता स्थानीय तहहरुले संगठन संरचना निर्धारण गर्दा अनिवार्य रुपमा फोहोरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त संस्थागत संरचना कायम गर्नुपर्ने देखिन्छ।

(घ) फोहोरमैला व्यवस्थापन प्राविधिक विषय समेत भएकाले यस सम्बन्धी प्राविधिक जनशक्ति तयार गर्न, स्थानीय तहहरुलाई आवश्यक प्राविधिक सहयोग तथा परामर्श उपलब्ध गराउन, फोहोरमैला व्यवस्थापनसम्बन्धी ज्ञान व्यवस्थापन, स्थानीय तहका असल अभ्यासहरुको आदान प्रदानका लागि उपयुक्त प्राविधिक सहयोग केन्द्र तथा सिकाई केन्द्रहरुको आवश्यकता देखिन्छ।

(ङ) घरेलु, औद्योगिक र सेवा क्षेत्र बढी भएका स्थानीय तहहरु जस्तै : मेचीनगर नगरपालिका, बिर्तामोड नगरपालिका, दमक नगरपालिका, भद्रपुर नगरपालिका हरुले त्यस्ता उद्योगहरुबाट दैनिक उत्पादन हुने

फोहोरमैलाको नियमन तथा व्यवस्थापन सम्बन्धी कानून तथा मापदण्ड तर्जुमा गरी कडाइका साथ कार्यान्वयन तथा अनुगमन गर्नुपर्ने देखिन्छ।

(च) जिल्लास्थित स्थानीय तहहरुले आफ्नो क्षेत्रको वस्तुस्थिति झल्काउने पार्श्वचित्र वा प्रोफाइलमा फोहोरमैला सम्बन्धी तथ्याङ्कहरु समावेश गरी समय समयमा अध्यावधिक गरी राख्नुपर्ने देखिन्छ।

(छ) दमक नगरपालिकाले फोहोरमैला व्यवस्थापन गर्नका ल्याण्डफिल्ड साइटको व्यवस्थापन गरेको देखिन्छ यद्यपी उक्त जग्गा वा सो जग्गा विस्तार गर्न सामुदायिक वनको सहमति जुटाउन भने समन्वय र सहजीकरण गर्नुपर्ने देखिन्छ। उक्त क्षेत्रमा जडित फोहोरमैला प्रशोधन उपकरणबाट बायोग्याँस तथा प्राङ्गारिक मलको उत्पादन भईरहेको भएतापनि पर्याप्त फोहोर तथा बजारीकरणको अभावमा अपेक्षित प्रतिफल भने आउन बाँकी नै देखिन्छ जसका लागि थप बजेट, बजारीकरण, सहमति, समन्वय र सहजीकरणको टड्कारो आवश्यकता देखिएको छ।

(ज) कनकाई, बिर्तामोड र अर्जुनधारा नगरपालिकाले संयुक्त रुपमा फोहोरमैला व्यवस्थापन गरी अर्थोपार्जन गर्ने उद्देश्य अनुरुप साझेदारीमा बायोग्याँस प्लाण्ट सञ्चालन गर्ने अनुकरणीय कार्य सुरुवात गरेको देखिन्छ। यद्यपी पर्याप्त स्रोत साधन (फोहोर/बजेट/बजारीकरण) को न्युनताले अपेक्षित परिणाम दिन नसकिरहेको यस महत्वाकांक्षी तथा दुरगामी परियोजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्न सरोकारवाला निकायहरु बीच थप सहमति, समन्वय तथा सहजीकरणको आवश्यकता देखिन्छ।

(झ) शिवसताक्षी नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि इन्सिनेटर उपकरण जडित सेनेटरी ल्याण्डफिल्ड साइटको व्यवस्थापन गरी एक अनुकरणीय कार्य आरम्भ गरेको देखियो। यस क्षेत्रमा जडित भष्मीकरण उपकरणले अन्य पालिकाहरुमा उत्पादित फोहोरहरुलाई समेत नष्ट गर्नसक्ने अवसर हुँदाहँदै प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको असहमतिका कारण अन्य पालिकाहरुबाट आउने दुर्गन्धित फोहोरको कन्टेनरलाई प्रवेशमा रोक लगाईएको पाइयो। यस सन्दर्भमा अन्य पालिकाहरुबाट नकुहिने फोहोरहरु मात्र ल्याई नष्ट गर्ने सहमति सरोकारवालाहरु बीच गर्न सकिएमा यस उपकरणको सदुपयोग अझ बढ्ने देखिन्छ।

(ञ) भद्रपुर नगरपालिकाले फोहोरमैला व्यवस्थापनलाई दिगो रुपमा अघि बढाउन सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरेको पाइयो। प्रतिवेदनले औंल्याए बमोजिम बिक्री गर्न सकिने ११ प्रकारका फोहोरहरु : फलामका टुक्रा, सिसाका बोतल, प्लाष्टिकका बोतल, बाक्लो प्लाष्टिक, कागजजन्य टुक्राहरु, सडिने फोहोरहरु आदिलाई प्रतिवेदनमा उल्लेख भए बमोजिम यथाशिघ्र कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ। बिक्री गर्न सकिने प्रकारका फोहोरहरुको पुन उपयोग गर्न बजारीकरणको सम्भावना विस्तारमा जोड दिनुपर्ने हुन्छ।

(ट) अनुगमन गरिएका अधिकांश स्थानीय तहहरुमा फोहोरमैला विसर्जनका लागि उपयुक्त जग्गाको कठिनाई तथा अभाव रहेको पाइयो। यस सन्दर्भमा सम्बन्धित तथा सम्भावित स्थानीय तहहरुले साझा अवधारणा बनाई संयुक्त रुपमा फोहोरमैलाको व्यवस्थापन गर्न जिल्ला सभा मार्फत साझा सहमति जुटाई अघि बढ्नुपर्ने देखिन्छ।

(ठ) बिर्तामोड नगरपालिकाले फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रसँग गरेको साझेदारीलाई थप व्यवस्थित तथा अन्य पालिकाहरुले समेत अनुषरण गर्न उपयुक्त देखिन्छ ।

## निष्कर्ष

संविधानत : स्थानीय जनताहरुको आधारभूत सरसफाईको अधिकार सुनिश्चित गर्ने पहिलो तथा सन्निकट निकाय भनेकै स्थानीय तह हो । मौलिक हकको रुपमा रहेको नागरिकहरुको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकको प्रत्याभुति दिलाउन प्रत्येक स्थानीय तहहरुले फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित ऐन कानून कार्यान्वयनमा जोड दिई फोहोरमैलाको उचित व्यवस्थापन मार्फत स्वच्छ, स्वस्थ र समुन्नत समाजको स्थापना तर्फ अग्रसर हुनु पर्ने देखिन्छ । तथापी फोहोरमैला व्यवस्थापन एक अन्तरसम्बन्धित तथा साझा चुनौतीको विषय बन्दै गइरहेकोले यस बिषयमा नेपाल सरकार, प्रदेश सरकार तथा सरोकारवाला निकायहरु जस्तै निजी क्षेत्र, विकास साझेदार संस्थाहरु, नागरिक समाज, आम उपभोक्ता वर्ग तथा सर्वसाधारण जनताहरुले समेत आ आफ्नो तर्फबाट योगदान दिनुपर्ने देखिन्छ तब मात्र फोहोरमैलाको दिगो व्यवस्थापन द्वारा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित हुनेछ ।

**स्थलगत अनुगमन, अन्तरक्रिया तथा दोहोरो छलफलका क्रममा लिईएका केही तस्विरहरु**







